**नेपाल राष्ट्र बैंक**

**सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग**

**पुराना सवारी साधनहरु सिलवन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गर्ने सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८२/०९/२५

लिलाम सूचना नं: सम्पत्ति/कार्यालय सवारी साधन/लिलाम/२०८२/८३/०१

यस बैंकको स्वामित्वमा रहेका देहायबमोजिमका पुराना सवारी साधनहरु जे जस्तो अवस्थामा छन्, सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति वा फर्म/कम्पनीहरुबाट यो सूचना प्रकाशित भएको मितिले १७ दिन (मिति २०८२/१०/११) भित्र बोलपत्र फाराम खरीद गरी मिति २०८२/१०/१२ गते सोमबार दिनको १२:०० बजेभित्र (उक्त दिन बिदा परेमा कार्यालय खुलेको पहिलो दिन) देहायका शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

| **क्र.सं** | **लिलाम हुने सवारी साधनको विवरण** | **बनेको साल (ई.सं.)** | **न्यूनतम लिलाम मूल्य (मू.अ.कर सहित रु.)** |
|---|---|---|---|
| १ | बा.९ च ७३७८ (Chevrolet Tavera) | २०१२ | **७,२९,०००।-** |
| २ | बा.१२ च ८२७५ (Kia Sportage dsl) | २०१४ | **११,९२,०००।-** |
| ३ | बा.१३ च २०९९ (Kia Sportage dsl) | २०१४ | **२१,१९,०००।-** |
| ४ | बा.१३ च २१०० (Kia Sportage dsl) | २०१४ | **२३,१६,०००।-** |

(१) सिलबन्दी बोलपत्र खुल्ने स्थान, समय र मिति :
(क) स्थानः सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग, बालुवाटार
(ख) समयः दिनको २:०० बजे
(ग) मितिः २०८२/१०/१२ सोमबार

(२) बोलपत्र साथ बोलपत्र जमानत बापत आफुले कबोल गरेको रकमको पाँच प्रतिशतले हुन आउने रकम यस बैंकको बैंकिङ्ग विभाग, थापाथलीमा रहेको खाता नं. ११०९९०१-०११-२०३-५२४ मा नगद जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ । बोलपत्र स्वीकृत भएका व्यक्ति, फर्म वा कम्पनीहरुले यस बैंकमा राखेको उक्त धरौटी रकम लिलाम सकारेको सवारी साधनहरुको नामसारी भए पश्चात् फिर्ता गरिनेछ ।

(३) लिलाम सम्बन्धी बोलपत्र स्वीकृत भएको जानकारी दिएको मितिले ३ दिनभित्र सम्झौता गर्नु पर्नेछ । अन्यथा बोलपत्र रद्द गरी धरौटी बापत जम्मा गरेको रकम जफत गर्न सकिनेछ । माथि उल्लेखित न्यूनतम मूल्य बाहेक लाग्ने सम्पूर्ण खर्च एवं भुक्तानी गर्नुपर्ने सम्पूर्ण प्रचलित कर लिलाम सकार्ने पक्षले व्यहोर्नु पर्नेछ ।

(४) उपरोक्त तालिकामा उल्लेखित बोलपत्र फारामको दस्तुर (पछि फिर्ता नहुने) यस बैंकको बैंकिङ्ग विभाग, थापाथलीमा रहेको खाता नं. ११०००००-०३०-०१२-५२४ मा जम्मा गरी यस बैंकको सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग, बालुवाटारबाट खरिद गर्न सकिनेछ ।

(५) लिलाम हुने सवारी साधनहरु हेर्न/बुझ्न चाहनेले कार्यालय समय बिहान १०:०० बजे देखि दिउँसो ३:०० बजेसम्म यस बैंकको केन्द्रीय कार्यालय, सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग, बालुवाटार (**सम्पर्क नं. ५७१९६४१/४५ Ext.1172,1173,1175**) मा सम्पर्क राख्न सकिनेछ ।

(६) लिलाममा भाग लिने इच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र इच्छुक फर्म वा कम्पनीले आफ्नो इजाजतपत्र तथा दर्ता प्रमाणपत्र (नवीकरण गरिएको) र स्थायी लेखा नम्बर लिएको वा मूल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।

(७) बोलपत्र सम्बन्धी सूचना यस बैंकको वेवसाईट www.nrb.org.np मा राखिएको छ ।

**नेपाल राष्ट्र बैंक**
**सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग**